मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १६८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २३ गते आइतवार (Sunday, 5 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## जुवातास खेल्ने सात जना पक्राउ

**काठमाडौं, वैशाख २२।** काठमाडौं महानगरपालिका-१४ लामपटी बस्ने आनन्द श्रेष्ठको घरमा जुवातास खेलिरहेको अवस्थामा सात जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा नुवाकोट घर भएका ४० वर्षीय किरण राना मगरसहितका ७ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६० हजार ३ सय रूपैयाँ र १ बुक तासहित पक्राउ गरेको हो । काठमाडौं क्षेत्रमा यस्ता गतिविधिहरु दैनिक बढिरहेको भन्ने सूचना पाएसँगै प्रहरीले सक्रियता बढाएको बताइएको छ ।

### झारा टार्दै सघन शहरी

# मापदण्ड बिपरीत धमाधम सडक निर्माण

**झापा, वैशाख १३।** आर्थिक वर्ष सकिन करिब तीन महिना बाँकी रहँदा सबै भन्दा ब्यस्त सडकका रुपमा रहेको इलाम स्टेण्डदेखि उत्तर कनकाई बोर्डिङ हुँदै सुब्बा चौक जोड्ने सडकको स्तरोन्नति शुरु गरिएको छ ।

सघन शहरी तथा भवन निर्माण आयोजना अन्तरगत निर्माण हुन लागेको सो सडक दुई खण्डमा स्तरोन्नति गरिँदैछ । महानन्द चोक पूर्व नेपाली कांग्रेस झापाको पार्टी कार्यालय जाने सडकसँग जोडिने गरी निर्माण गर्न लागिएको सो सडक खण्डको पहिलो खण्ड नेपाल टेलिकम दक्षिण राजमार्गसम्म र अर्को खण्ड टेलिकम उत्तर सुब्बा चौकसम्म रहेको छ । सुब्बा चौक उत्तरको सडक कालोपत्रे गरिएपनि सुब्बा चोक दक्षिणतर्फ भने पेवर्स लगाउने तयारी गरिएको छ । जसका लागि पहिलो चरणमा ढल निर्माणको काम भइरहेको छ ।



दुई खण्डमा विभाजित सडकको स्तरोन्नतिका लागि आचार्य कन्ट्रक्सन र कनकाई निर्माण सेवाले ठेक्का लिएका छन् । आचार्य कन्ट्रक्सनको काम टेलिकम- सुब्बा चोकसम्मको हो भने कनकाईको टेलिकम- राजमार्गसम्मको रहेको छ । बिर्तामोडस्थित मुक्ति चोक व्यस्त रहँदा बैकल्पिक सडकका रुपमा प्रयोग हुँदै आएको सो सडक सघन शहरीले मापदण्ड विपरीत निर्माण गरिरहेको स्थानीयको आरोप छ । सडक निर्माण गर्नु पूर्व सडकको दुबैतर्फ सूचना पाटी राख्नु पर्ने प्रावधान छ । तर, सामान्य सूचना पाटी समेत नराखी सघन शहरीले सडक स्तरोन्नतिको काम अघि बढाएसंगै सघन शहरीको काम प्रति आशंका उब्जिएको स्थानीयले बताएका छन् । दुई खण्डमा स्तरोन्नति गरिने सडक संघीय सरकारको दुई करोड ८० लाख रुपैयाँको लागतमा तयार गर्न लागिएको हो । स्तरोन्नति गरिने सडकमा पेवर्स लगाउन बिर्तामोड नगरपालिकाले समेत सहजीकरण गर्दै अनुमति दिएपछि स्थानीयले त्यसको विरोध गरेका हुन् ।

यसै पनि यो सडक व्यस्त हुन्छ - बिर्तामोड -५ का स्थानीय आशिष गिरीले भने - यहीँ बीएण्डसी मेडिकल कलेज छ, देवी, कनकाई सहित तीन-तीन वटा स्कूल छन् । पूर्बकै ठूलो कृषि ब्यापारिक केन्द्रका रुपमा रहेको कृषि थोक, बुधबारे हटिया अनि नेपाल टेलिकमसमेत यही सडक अन्तरगत पर्ने हुँदा यो सडक सँधै व्यस्त हुन्छ । तर, सघन शहरीले मापदण्ड विपरीत नाला सहित ३० फुटको बाटो निर्माण शुरु गरेको छ । यो सडक मापदण्ड अनुसार बनाउने हो भने ४० फुटको हुनुपर्छ - गिरीले भने ।

बिर्तामोड नगरपालिकाले जारी गरेको सडक मापदण्ड हेर्दा नगर क्षेत्रमा निर्माण गरिने सडक ४० फुटे हुने उल्लेख छ । तर, यो सडक मुस्किलले नाला सहित ३० फुटको हुन्छ -गिरीले भने -नाला कटाउने हो भने यो सडक २४ फुटको हुन्छ । यहाँको चाप यो सडकले धान्न मुस्किल छ । त्यसो त मुक्ति चौक बन्द रहँदा पश्चिमबाट आएका सवारी र पूर्बबाट पश्चिम जाने सवारीलाई अतिथि सदन हुँदै कृषि थोक दक्षिण सोझै कनकाई रोडमा निकालेर सवारी वाइपास गर्ने गरिएको छ । अहिले साँघुरो सडकका कारण मुस्किलले दुई वटा गाडी पास हुन्छन् । अब बन्ने सडक पनि त्यस्तै बनाउने हो भने यो सडक स्तरोन्नति गर्नुको कुनै अर्थ छैन- गिरीले भने - अब बन्ने सडक कम्तीमा ४० फुट अर्थात बिर्तामोड नगरपालिकाले तयार गरेको मापदण्ड अनुसार निर्माण गरिनु पर्छ ।

सडक निर्माण शुरु गर्नु पूर्व नै सघन शहरीले बिर्तामोड नगरपालिकाका जनप्रतिनिधिसँग संयुक्त बैठक बसेर सो सडकमा पेवर्स लगाउने निर्णय गरेको छ । नीतिगत भ्रष्टाचारमा सहज बनाउन बिर्तामोड नगरपालिकालाई समेत साक्षी राखेर सघन शहरी तथा भवन निर्माण आयोजनाका प्रमुख सुदीप पौडेलले चत्युर्‍याँई गरेको आरोप छ । सडक स्तरोन्नतिका क्रममा प्रति पेवर्स १० रुपैयाँ कमिसन पाउने भएपछि सघन शहरी तथा भवन निर्माण आयोजनाका प्रमुख पौडेलले सो सडक कलोपत्रे गर्नुको सट्टा पेवर्स लगाउन जोड गरेको बताइन्छ ।

सडक निर्माणका विषयमा बिर्तामोड नगरपालिकामा सघन शहरीका प्रमुख पौडेलसहितको उपस्थितिमा संयुक्त बैठकले कालोपत्रेको सट्टा पेवर्स लगाउन निर्णय गरेको छ । गत पुस ६ गते नगरप्रमुख पवित्रादेवी महतरा प्रसाईको अध्यक्षतामा भएको

(बाँकी अन्तिम पृष्ठमा)

## पानी नपरेपछि भ्यागुताको विवाह

**झापा, वैशाख २२ ।** झापाको अर्जुनधारामा शनिवार भ्यागुताको धुम-धामका साथ विवाह गरिएको छ । लामो समयदेखि बर्षा नहुँदा खडेरीको सामना गर्नुपरेको भन्दै अर्जुनधारा वडा नम्बर -२ का स्थानीयले भ्यागुताको बिहे गरिदिएका हुन् ।



विगतमा अग्रजहरुले भ्यागुताको बिहे गर्दा पानी पर्ने गरेको जनविश्वासका आधारमा विधिपूर्वक यो बर्ष पनि भगवान र प्रकृतिसँग पानी माग गरेर भ्यागुताको बिहे गरिदिएको स्थानीयहरुले बताएका छन् ।

नवनिर्मित मदन भण्डारी लोकमार्ग अन्तर्गत बेल्टार - गाँजाबरी सडक खण्डमा पर्ने टाङ्टीङ खोलामा एक जोडी भ्यागुताको विवाह गरिएको हो । हिउँदको समयमा लामो समयसम्म पानी नपरेपछि भ्यागुताको बिहे गरिदिने पुरानो प्रचलन रहेकाले यो बर्ष पनि भ्यागुताको बिहे गरिएको अर्जुनधारा-२ मिलनचौकका स्थानीय युवा शिव भट्टराईले जानकारी दिए । पानी नपर्नाले किसानको अन्नबाली सुकेर खेर जाने अवस्था सिर्जना भएको उनले बताए ।

सयौं स्थानीयको उपस्थितिमा भएको वैवाहिक कार्यक्रममा बेहुली लिन दौरा सुरुवालमा सजिएको भाले भ्यागुतोलाई मोटरको सवारी गराउँदै बेल्टारबाट टाङ्टिङ खोलासम्म पुर्‍याइएको थियो । खोलाको किनारमा विवाहका लागि गेट निर्माण गरिएको थियो भने खोलामा भव्य

(बाँकी अन्तिम पृष्ठमा)

## वाइसीएलको भेला शुरू



**बिर्तामोड, वैशाख २२।** योङ कम्युनिष्ट लिग (वाइसीएल) नेपाल झापाको छैटौं जिल्ला भेला तथा सम्मान कार्यक्रम बिर्तामोडमा शुरु भएको छ ।

बिर्तामोडमा शनिवार शुरु भएको सम्मेलनको उद्घाटन नेकपा माओवादी केन्द्र का केन्द्रिय उपमहासचिव तथा कोशी प्रदेश इ1चार्ज हरिबोल गजुरेलले गरेका छन् ।

नेकपा (माओवादी) केन्द्रको भातृ संगठन वाइसीएलको जिल्ला भेलाले नयाँ नेतृत्वसमेत चयन गर्ने बताइएको छ । केही समय यता निष्कृय रहँदै आएको वाइसीएललाई चलायमान बनाउने उद्देश्यका साथ जिल्ला भेला आयोजना गरिएको बताइएको छ । युवाहरुको संगठन वाइसीएललाई सुदृढीकरण गरेर ऊर्जाशील बनाउने उद्देश्यले भेला आयोजना गरिएको बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## जागिरको लोभमा किशोरी बलात्कृत

**झापा, वैशाख २२।** काठमाडौँको ठमेलस्थित एक होटलमा १९ वर्षीया किशोरीमाथि बलात्कार भएको छ ।

ठमेलको सञ्चयकोष नजिकै रहेको होटलमा गत वैशाख १९ गते आफूमाथि बलात्कार भएको भन्दै पीडित किशोरीले दरबारमार्ग वृत्तमा उजुरी दिएकी छिन् ।

दोलखाका एमाले नेतासमेत रहेका विदुर शर्माबाट आफू बलात्कारमा परेको ती किशोरीले जाहेरीमा उल्लेख गरेकी छिन् । साथै, उनले जागिरको प्रलोभन देखाएर आफूलाई बलात्कार गरिएको समेत जाहेरीमा उल्लेख गरेकी छिन् ।

अनुसन्धानमा खटिएका एक प्रहरीका अनुसार, शर्मा अहिले फरार छन् । उनको खोजी भइरहेको जिल्ला प्रहरी परिसरका ती अधिकारीले जानकारी दिए । प्रहरीको प्रारम्भिक अनुसन्धानमा शर्माले युवतीलाई होटलमा लिएर गएको दृश्य

(बाँकी अन्तिम पृष्ठमा)

## इलामका चिया किसानले ठगिएको भन्दै आन्दोलन गर्ने

**इलाम, वैशाख २२।** हरियो चियापत्तीको मुना टिपाइको सिजन शुरु भएसँगै किसान ठगिने गरेको गुनासो आउन थालेका छन् । सिजन शुरु भएपछि विभिन्न वहानामा ठगिनुपरेको किसानहरुको गुनासो छ ।

इलामको सूर्योदय नगरपालिकामा रहेका किसानहरुले ठगीका विरुद्ध संघर्ष गर्ने घोषणा नै गरेका छन् । सक्रिय किसान तारा नेपालको अगुवाइमा सबै तहका सरकारलाई ज्ञापन पत्र बुझाई सकेको बताइएको छ ।

संघर्ष समिति बनाई स्थानीयदेखि केन्द्र सरकारसम्मको ध्यानाकर्षण गराउन सात बुँदे ज्ञापन पत्र बुझाइएको नेपालले बताए । कहिले गुणस्तरको नाममा, कहिले अर्गानिकको नाममा, कहिले मूल्य निर्धारणको नाममा किसानलाई मारपर्ने काम भइरहेको उनले गुनासो गरे ।

८० प्रतिशत चिया किसान रहेको सूर्योदय नगरपलिकामा किसानको

(बाँकी अन्तिम पृष्ठमा)

## प्रधानमन्त्रीले उद्घाटन गरेको वायोग्यास प्लान्ट दुई वर्षदेखि बन्द



**विराटनगर, वैशाख २२।** सिलिण्डर युग अन्त्य गरेर घर-घरमा ग्यास पुर्‍याउने उद्घोषसहित पाँच वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको वायोग्यास प्लान्ट तीन वर्ष पनि चलेन ।

विराटनगर महानगरपालिका-१४ जतुवामा दुई सय २० घनमिटर क्षमताको ग्यास प्लान्टले सिलिण्डर ग्यासलाई प्रतिस्थापन गर्ने उद्देश्यअनुरूप काम गरेको उनले उद्घोष गरेका थिए ।

सडक विस्तारका क्रममा फुटेको पाइपलाइन बनाउन नसक्दा २०७५ सालमा डेढ करोड लगानीमा बनेको वायोग्यास प्लान्ट सञ्चालनमा आउन नसकेको हो ।

नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओलीले आफ्नो घर-घरमा ग्यास पाइप भन्ने चुनावी नारालाई सार्थक तुल्याउन भन्दै वायोग्यास प्लान्टको परिकल्पना गरेका थिए । नवीकरणीय ऊर्जा विस्तार आयोजना अन्तर्गत बनेको उक्त प्लान्टको २०७५ भदौ ५ गते विराटनगरमा ओली आफैँले उद्घाटन गरेका थिए ।

सञ्चालनमा आएको तीन वर्ष नपुग्दै प्लान्ट बन्द भएपछि उपभोक्ताको आशा निराशामा परिणत भएको छ । एलपी ग्यासको तुलनामा सस्तो र गुणस्तरीय गोबर ग्यासबाट खाना पकाउन शुरु गरेका स्थानीय ३२ घरका उपभोक्ता दुई वर्षयता पुन: सिलिण्डर ग्यास किन्न बाध्य बनेका छन् ।

खाना पनि राम्रोसँग पाक्ने भएकाले सिलिण्डर ग्यासभन्दा गोबर ग्यास नै राम्रो हुने स्थानीय सरिताकुमारी चौधरीले बताइन् । अर्की स्थानीय श्यामाकुमारी यादवले अहिले सिलिण्डर किन्नुपर्ने

(बाँकी अन्तिम पृष्ठमा)

## सुर्ती नियन्त्रण अभियान

**बिर्तामोड, वैशाख २२।** स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालका महासचिव पूर्णभक्त दुवालले सुर्ती सेवनबाट मुलुकमा दैनिक ७३ जनाको ज्यान जाने गरेको बताएका छन् ।

बालबालिकालाई सुर्ती र धूमपानबाट टाढा राख्ने उद्देश्यले युवा सृजनशील समाजले शुक्रबारदेखि शुरु गरेको विद्यालयमा सचेतना अभियानमा उनले सुर्तीको धुवाँमा विश्वमा बर्सेनि रु. ४७ अर्ब उडिरहेकाले यसलाई रोक्न पनि अभियान थाल्नुपर्ने बताए । सुर्तीमा निकोटिन, टारलगायतका ४० भन्दा बढी किसिमका खतरनाक विषादी हुने भएकाले यसले दीर्घरोग लाग्ने उनले बताए ।

महासचिव दुवालले सुर्तीजन्य पदार्थ नियमन ऐनले १६ वर्षमुनिका बालबालिकालाई सुर्ती बेच्न बन्देज लगाएको, विद्यालयको सय मिटर वरपरसम्म सुर्ती बेचबिखन र सेवन गर्न प्रतिबन्ध लगाएको हुँदा राज्यका निर्देशन उल्लङ्घन भएमा स्थानीय तह र प्रहरी प्रशासनमा उजुरी गर्न अग्रसर हुनुपर्ने औँल्याएँ ।


अभियानमा गणेशमान सिंह मेमोरियल अस्पतालका डा. आदित्य

(बाँकी अन्तिम पृष्ठमा)



इन्टरनेटमा समस्या ल्याउने विवाद !

# सेवाप्रदायक र सरकारबीच असमझदारी



**बिर्तामोड, वैशाख २२।** इन्टरनेट सेवा प्रदायक र सरकारबीच लामो समयदेखिको विवादबीच बिहीवार नेपालमा केही समय इन्टरनेट सेवा प्रभावित भएपछि त्यसप्रतिको जिम्मेवार हुने भनेर आरोप-प्रत्यारोप शुरु भएको छ ।

इन्टरनेट सेवा प्रदायकहरूले यसको दोष नियमनकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई लगाएका छन् । प्राधिकरणले सेवा प्रदायकहरू नै इन्टरनेट अवरुद्ध हुनुमा जिम्मेवार रहेको जिकिर गरेको छ ।

नेपालबाट भुक्तानी नपाएका कारण भारतको अपस्ट्रीम सेवा प्रदायकले इन्टरनेट कटौती गरेको भनिए पनि यसको पछाडि निकै लामो विवाद छ । कतिपयले चीनबाट ब्यान्डविथ किन्दा समस्या समाधान हुने बताए पनि विज्ञहरूले त्यसमा संशय व्यक्त गरेका छन् ।

**इन्टरनेट सेवा प्रभावित हुनुको कारण**

इन्टरनेट सेवा प्रदायकहरूको संस्था इस्पानका महासचिव नवीन श्रेष्ठका अनुसार भारतको अपस्ट्रीम सेवा प्रदायक कम्पनी एअरटेलले नेपालबाट समयमै ब्यान्डविथको भुक्तानी नभएको भन्दै इन्टरनेट कटौती गरिदिएको थियो । इस्पानले यसअघि नै यसबारे सरकारको ध्यानाकर्षण गराइसकेको उनले बताए ।

उनले प्राधिकरणबाट सिफारिस रोकिएका कारण एअरटेलसहितका केही सेवा प्रदायकहरूले नेपालबाट ब्यान्डविथबापतको करिब तीन अर्ब रुपैयाँ भुक्तानी नपाएको दाबी गरे । उक्त रकम भुक्तानीका लागि आफूहरूलाई दूरसञ्चार प्राधिकरणले विदेशी मुद्रा सटहीको सिफारिस नदिएको इन्टरनेट सेवा प्रदायकहरूको आरोप छ । विदेशी मुद्राको सटहीका लागि प्राधिकरणले सिफारिस रोकिदिएपछि हामीले भुक्तानी गर्न पाएनौँ, त्यस कारण इन्टरनेट रोकियो,- उनले भने ।

प्राधिकरणले भने सरकारलाई कानून अनुसार बुझाउनुपर्ने कर नतिरेका कारण यस्तो सटहीको सिफारिसमा कडाइ गरिएको दाबी गर्दै आएको छ । प्राधिकरणका अनुसार नौ वटा इन्टरनेट सेवा प्रदायकहरूले तीन अर्ब ७० करोड रुपैयाँ राजश्व तिर्न बाँकी छ । बक्यौता नराखेका सेवा प्रदायकहरूले सटहीका लागि नियमित सिफारिस पाइरहेकै छन् । तर वर्षौंदेखि बक्यौता नतिरेकाहरूको हकमा बक्यौता बाँकी रहेकाले सिफारिस नपाउने नियमावलीका कारण प्राधिकरणले सिफारिस रोकेको हो,- प्राधिकरणका सहायक प्रवक्ता प्रदीप पौड्यालले भने । तर इन्टरनेट सेवा प्रदायकहरूले भने दूरसञ्चार ऐन र नियमावली संशोधन नभएसम्म मर्मतसम्भारको शुल्कमा ग्रामीण दूरसञ्चारको रोयल्टी उठाउनु गैरकानूनी हुने दाबी गर्दै आएका छन् । केही इन्टरनेट सेवा प्रदायकहरूबाहेक अन्य दूरसञ्चार सेवा प्रदायकहरूले नियमा नुसारको शुल्क तिरिरहेको सञ्चार मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । प्राधिकरणका अनुसार सबैभन्दा धेरै बक्यौता वर्ल्डलिङ्क कम्यूनिकेशनसको एक अर्ब ९८ करोड रुपैयाँ छ । त्यसपछि धेरै भायानेटको ४२ करोड रुपैयाँ बक्यौता रहेको प्राधिकरणले जनाएको छ ।

तर इन्टरनेट सेवा प्रदायकहरूको संस्था इस्पानका महासचिव श्रेष्ठ उक्त बक्यौताको विषय अदालतमा विचाराधीन रहेकाले प्राधिकरणले सटही रोक्न नाजायज भएको बताउँछन् ।

**रोयल्टी विवाद के हो**

सरकारले इन्टरनेट सेवा प्रदायकहरूको वार्षिक आम्दानीमा चार प्रतिशत रोयल्टी लिँदै आएको छ र आयको दुई प्रतिशत रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

इन्टरनेट सेवा प्रदायकले ग्राहकसँग उठाउने रकमको आधा मर्मतसम्भार शुल्क र बाँकी आधा इन्टरनेट शुल्कका नाममा लिने गरेका छन् । मर्मतसम्भार बापत लिइएको आधा शुल्कमा दूरसञ्चार कर नलाग्ने दाबी सेवा प्रदायकहरूको छ भने प्राधिकरणले उनीहरूको आम्दानी दूरसञ्चार व्यवसायबाटै भएका कारण त्यसबाट पनि ग्रामीण दूरसञ्चार कोषका लागि रोयल्टी तिर्नुपर्ने अडान राख्दै आएको छ । सञ्चार मन्त्रालयले आफ्नो विज्ञप्तिमा इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेबापत ग्राहकबाट अग्रिम रूपमा महसुल लिने गरेको रकमबाट राज्यलाई बुझाउनुपर्ने कर नतिरेको आरोप लगाएको छ । इन्टरनेट सेवा प्रदायकहरूले भने राज्यले कानूनको घुमाउरो व्याख्या गरेर यसअघि सेवा प्रदायकसँग भएको सहमतिविपरीत शुल्क लिएको दाबी गर्दै आएका छन् । यो शुल्कबारे अब अदालतले नै छिनोफानो गला)- इस्पानका महासचिव श्रेष्ठले भने ।

इन्टरनेट सोसाइटी नेपालका पूर्वअध्यक्ष बाबुराम अर्याल राज्यको अस्थिर नीतिका कारण इन्टरनेट सेवा प्रदायक र सरकारबीच विवाद देखिएको बताउँछन् । यो राज्यको अस्थिर नीतिको उपज हो भन्ने मलाई लाग्छ । राज्यले कानून प्रयोग गरेर, नभए अदालत गएर आफ्नो रोयल्टी उठाए हुन्छ तर सेवा प्रभावित हुने अवस्था सिर्जना गर्न राज्य अग्रसर हुनु हुँदैन - उनले भने । अर्याल यसअघि इन्टरनेटको शुल्क घटाउने नाममा सरकारले सेवा प्रदायकहरूलाई सुविधा दिने निर्णय गर्दा नै यसबारे स्पष्ट गर्न नसकेको बताउँछन् ।

**चीनसँग जोडिए के होला ?**

भारत र चीनसँग मात्रै सीमा जोडिएको नेपालमा आयात हुने इन्टरनेटको ठूलो मात्रा भारतमा निर्भर छ । इन्टरनेट सेवा प्रदायकहरूका अनुसार नेपालले भारतका एअरटेल, रिलायन्स, टाटा सहितका अपस्ट्रीम सेवा दायकहरूबाट इन्टरनेट आयात गर्दै आइरहेका छन्। सरकारी स्वामित्व रहेको नेपाल टेलिकमले केरुङ हुँदै चीनबाट पनि इन्टरनेट डेटा आयात गरिरहेको छ तर त्यसको मात्रा १० प्रतिशत भन्दा पनि कम छ ।

# अवैध लागूऔषधसहित आठ जना पक्राउ

**इटहरी, वैशाख २२।** रतुवामाई नगरपालिका-६ कादुपाडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम २ सय ९० मिलिग्राम र नगद ४३ हजार ५ सय रूपैयाँसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत घर भएका ३४ वर्षीय फिरोज सिद्की रहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

त्यसैगरी सुनसरीको धरान उपमहानगरपालिका-५ साउने ठिङ्बारीस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब २३ किलो ३ सय ग्रामसहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा देवानगञ्ज गाउँपालिका-२ बस्ने २४ वर्षीय पिन्टु यादव र २१ वर्षीय भरत यादव रहेका छन् । अस्थायी प्रहरी चौकी देउराली धरानबाट खटिएको प्रहरीले को.३८ प ४१७४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

उता धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ वीरेन्द्रबजारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ५६ ग्राम ९ मिलिग्राम र डिजिटल तराजु १ थानसहित सिरहा कर्जन्हा नगरपालिका-२ बस्ने ३५ वर्षीय इन्दल साहलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय ढल्केबर समेतबाट खटिएको प्रहरीले धारापानीबाट वीरेन्द्रबजारतर्फ आउँदै गरेको मोटरसाइकललाई जाँच गर्न खोज्दा मोटरसाइकल सहित चालक फरार भएको र मोटरसाइकलमा सवार इन्दललाई नियन्त्रणमा लिई जाँच गर्दा उक्त पदार्थ फेला परेको प्रहरीले जनाएको छ । हाल फरार मोटरसाइकल र चालकको प्रहरीले खोजी गरिरहेको छ ।

यता पर्सा, वीरगञ्ज महानगरपालिका-२१ हनुमान चोकबाट अवैध लागूऔषध गाँजा करिब १० किलोसहित २ जनालाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर राकसीराङ गाउँपालिका-२ ठुमको टोल बस्ने ४२ वर्षीया इन्द्रकुमारी चेवाङ र ३६ वर्षीया फूलमाया स्याङ्बो रहेका छन् । प्रहरी चौकी परवानीपुरबाट खटिएको प्रहरीले नारायणगढ चितवनबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.४ ख ५९३७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

उता कैलालीको गोदावरी नगरपालिका-२ बस्ने २३ वर्षीय रोशन गुरूङलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ५ सय ४० मिलिग्राम र नगद १० हजार रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनको घर तलासी उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-७ देबरीया डेरा गरी बस्ने गौरीगंगा नगरपालिका-८ घर भएका २७ वर्षीय कवीन्द्र बखरियालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ८ सय ३० मिलिग्राम र नगद ३६ हजार रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

# अर्जुनधारामा सडक कालोपत्रे शुरू



**अर्जुनधारा, वैशाख २२।** झापाको अर्जुनधारा नगरपालिकामा सडक कालोपत्रे शुरु भएको छ ।

अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङको अगुवाईमा उपभोक्ता समितिसहित स्थानीयको सहभागितामा शनिवारदेखि सडक कालोपत्रे भइरहेको छ ।

अर्जुनधारा ६ र ११ अन्तरगत सात सय मिटर लम्बाइ र साढे ५ मिटर चोडाइ बाटो कालोपत्रे भइरहेको हो । दधीराम रिमालको घरपूर्व तीनपैनी हुँदै शहीद सुखानीपार्क झिल जाने बाटो कालोपत्रे भएको छ । नगर प्रमुख बलदेवकै सहभागिता तथा उपस्थितिमा कालोपत्रे भइरहेको हो ।

नगरपालिकाको गौरवको आयोजना अन्तरगत उक्त बाटो कालोपत्रे भएको नगर प्रमुख बलदेवले जानकारी दिए । उनका अनुसार ४० लाख रुपैयाँको लगानीमा उक्त सडक कालोपत्रे भएको हो । यस बर्ष नगरको गौरवको योजना अन्तरगत तीन वटा बाटा कालोपत्रे हुने नगर प्रमुख बलदेवले जानकारी दिए ।

अर्जुनधारा-३ को फागुनन्दचोकबाट कैंदले जाने र वडा नम्बर १० मा सिर्जना चोकबाट सेतीपानी जाने बाटो कालोपत्रे हुने नगर प्रमुख बलदेवले बताए । नगर प्रमुखले इच्छ्याएको तथा आवश्यकता ठानेको ठाउँमा सडक कालोपत्रे गरिने योजना अनुरुप यस बर्ष तीन स्थानमा कालोपत्रे गरिने उनले बताए । नगर प्रमुख बलदेवका अनुसार नगरभित्र यस चालू आर्थिक बर्षमा संघ, पूर्वाधार, प्रदेश, शहरी बिकास, सडक बिभाग अन्तरगत धेरै सडकहरु कालोपत्रे भइसकेको र केही हुने क्रममा रहेका छन् ।

आगामी बर्ष नगरको ११ वटै वडामा ५०० मिटर सडक कालोपत्रे गर्ने योजना नगरको गौरव योजना अन्तरगत रहेको नगर प्रमुख बलदेवले जानकारी दिए ।

## वाइसीएल ...

कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य तथा कोशी प्रदेश स्कूल बिभाग प्रमुख अजम्बर काम्वाङ, केन्द्रिय सदस्य तथा संसदीय दलका नेता इन्द्रबहादुर आङ्वो, केन्द्रिय सदस्य तथा वाइसीएल नेपालका अध्यक्ष सुबोध श्रीपाली, केन्द्रिय सदस्य तथा झापा जिल्ला इञ्चार्ज झलकसिंह दर्लामी (सन्देश), केन्द्रिय सदस्य तथा मोरङ जिल्ला इञ्चार्ज कुलप्रसाद साम्वा लिम्बू, केन्द्रिय सदस्य रञ्जित तामाङ, हरिकुमार राना, लक्ष्मी न्यौपाने सरु, सुशीला घिमिरे सामना, केन्द्रिय सदस्य तथा युवा बिद्यार्थी फ्याक्सन इञ्चार्ज मुक्साहाङ मेन्याङ्वोलगायत जिल्लाका पार्टी प्रमुख तथा प्रतिनिधि, जनवर्गीय संगठनका प्रमुख तथा प्रतिनिधि लागतयतको उपस्थिति रहेको छ ।

सोही कार्यक्रमकावीच झापा जिल्ला खुल्ला नृत्य प्रतियोगिताको अडिसनबाट छनौट भएका ५ जना प्रतियोगीको फाइनल प्रतिष्पर्धा समेत हुनेछ ।

## इलामका...

रोजीरोटीमै समस्या आउने परिस्थिति बनेको उनीहरुको भनाइ छ । चिया समस्याबारे दिगो समाधान गर्न राखिएका मागहरु बेवास्ता गरे आन्दोलनमा उत्रिने चेतावनी समेत उनीहरुले दिएका छन् ।

किसान संघर्ष समितिले हरियो चियाको कार्यविधि सच्याइ अन्तरजिल्ला र भारतमा खुल्ला रुपमा बेच्न पाउनुपर्ने, विषादीरहीत बालीनाली र विषादीरहीत चियाको विकल्प दिन ,अर्गानिक परीक्षणका लागि ल्याबको व्यवस्था गर्न, व्यवसायी, उद्योगीले पनि अर्गानिकीकरण गरी गुणस्तरीय बन्नुपर्ने, टी एसोशिएसनले अनावश्यक झमेला लगाउने गरेकाले त्यसलाइ रोक्न माग गरेका छन् ।

उनीहरुले तीन दिनको अल्टिमेटम सहितको ध्यानाकर्षण गराएका छन् । सूर्योदय नगरप्रमुखसँग सम्बन्धित विषयमाथि छलफल गर्ने तयारी गरिरहेको अगुवा किसान नेपालले जानकारी दिए ।

## सुर्ती...

रञ्जितले धूमपान र सुर्ती सेवनबाट क्यान्सर, मधुमेह, मुटुरोग, दमखोकी लगायत रोग लाग्ने भएकाले यसबाट समाजलाई बचाउन विद्यार्थीलाई घरघरमा सन्देश पुर्‍याउन आह्वान गरे । धूमपान गर्ने व्यक्तिले आफूलाई मात्र रोगी पार्ने नभई आफ्नो परिवार र आफू आसपासका व्यक्तिलाई पनि बिरामी पार्ने भएकाले सार्वजनिक स्थलमा धूमपान निषेध गर्न राज्य लाग्नुपर्नेमा उनले जोड दिए ।

युवा सृजनशील समाजकी अध्यक्ष शारदा लामाले सुर्तीको लत सानै उमेदेखि लाग्न सक्ने भएकाले विद्यार्थी यसबाट टाढा रहनुपर्ने बताउँदै सुर्तीले आर्थिक, सामाजिक, वातावरणीय क्षय हुने मात्र नभई भविष्यका कर्णधारको जीवन नै जोखिममा पार्ने भएकाले सुर्ती सेवन नगर्न अनुरोध गरिन् ।

## जागिरको...

सीसीटीभी क्यामेरामा कैद भएको छ । पीडक भनिएका शर्मा नेकपा एमाले दोलखाका नेता हुन् । उनी पार्टीको गत अधिवेशनमा एमालेको जिल्ला उपसचिवको उम्मेदवार थिए ।

## प्रधानमन्त्रीले...

बाध्यता भएको गुनासो गरिन् ।

विराटनगर-१४ स्थित श्रीकृष्ण गौसेवा सदनमा पालिएका करिब दुई सय गाईको गोबरबाट ग्यास उत्पादन हुन्छ । जुन अहिले पनि रोकिएको छैन । त्यहाँ कार्यरत १८ कर्मचारीले मेसिन बिग्रन नदिन ग्यास उत्पादनको कामलाई निरन्तरता दिए पनि पाइपलाइन फुटेका कारण उपभोक्ताको घरसम्म ग्यास पुग्न सकेको छैन ।

उत्पादित ग्यास त्यत्तिकै खेर गइरहेको छ । नाला निर्माणका लागि सडक खन्ने क्रममा दुई वर्षअघि जेसीबीले पाइपलाइन नै फुटाइदिएपछि त्यसयता प्लान्टबाट ग्यास आपूर्ति ठप्प भएको हो । प्लान्ट पुन: सञ्चालनका लागि करिव २५ लाख रुपैयाँ लाग्ने र त्यसका निम्ति सरकार स्वयम्ले तदारुकता देखाउनुपर्ने कर्मचारी बताउँछन् । श्रीकृष्ण गौसेवा सदन, विराटनगरका इञ्चार्ज सन्तोष यादवले पाइप किन्न २० देखि २५ लाख लाग्ने भए पनि चासो नदेखाइएको बताएका छन् ।

गोबरबाट उत्पादित ग्यासलाई बेलुनमा राखेर अटोमेटिक प्रेस मेसिनबाट चौवीसै घण्टा उपभोक्ताको घरमा ग्यास पुर्‍याउने काम करिब तीन वर्षसम्म मात्र भयो । त्यसयता भने गोबरग्यास उपभोक्तासम्म नपुर्‍याइ बाहिरै फाल्नुपर्ने अवस्था आएपछि ग्यासबाट आउने आम्दानी पनि ठप्प बनेको छ ।

जसका कारण त्यहाँ कार्यरत कामदारलाई तलब दिनै नसक्ने अवस्थामा गौसेवा सदन पुगेको छ । गौसेवा सदनका अध्यक्ष शंकर अग्रवालले गोबर ग्यासबाट गौशाला सञ्चालनमा सहयोग पुग्ने गरेको बताए ।

आर्थिक श्रोत आउने गरेको भए पनि बन्द भएपछि अहिले कठिन भइरहेको उनले सुनाए । ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विश्व बैंक तथा जलवायु लगानी कोषको सहयोगमा सञ्चालित नवीकरणीय ऊर्जा विस्तार आयोजनाको एक करोड ११ लाख, श्रीकृष्ण गौसेवा सदनको २७ लाख र विराटनगर महानगरपालिकाको १२ लाख गरी कूल डेढ करोडको संयुक्त लगानीमा उक्त प्लान्ट निर्माण गरिएको थियो ।

## मापदण्ड...

बैठकले यस्तो निर्णय गरेको हो । जसमा कृषि थोक हुँदै खानेपानी जोड्ने सडक निर्माण गर्दा ६० देखि ८० एमएमसम्ममका पेवर्स जडान गरी निर्माण गर्ने निर्णय भएको छ ।

यस्तो पेवर्स अर्जुनधारा नगरपालिकामा रहेको विल्कन इण्डस्ट्रिजले मात्र तयार गर्ने गरेको छ । विल्कन इण्डस्ट्रिज प्रालिले उत्पादन गरेका पेवर्स प्रयोग गर्ने गरी बिर्तामोड नगरले निर्णय गरेको हुनसक्ने स्थानीयको आशंका छ । सघन शहरी तथा भवन निर्माण आयोजनाले स्वार्थसहित टेण्डर आह्वान गर्दै ठेक्का लगाएको सो सडक कालोपत्रेको सट्टा केन्द्रीय नीति निर्देशन विपरीत पेवर्स प्रयोग गर्नु आफैंमा शंकास्पद हो, त्यसमा यो सडक कस्तो बन्छ, कहिलेसम्ममा बनिसक्छ, ठेक्का कसले लिएको हो ? सामान्य जानकारी समेत हुने सूचना पार्टी नराखी सडक बनाउन शुरु गर्नु बिर्तामोडवासीलाई भ्रममा पार्न खोजिएको होइन भन्दै गिरीले प्रतिप्रश्न गरे ।

त्यसो त सडक निर्माण गर्दा ४० फुटको हुनु पर्ने माग गर्दै बिर्तामोड -५ का स्थानीयवासी केशवकुमार श्रेष्ठसहित कर्ण मेचे, रोशन गिरी, विजय टुडू, उमानिधि तिवारी, विष्णु भट्टराई, कमल सापकोटा, दीपक बस्नेत, ध्रुव खनाल, ज्ञानेन्द्र भट्टराई, निकेश सुब्बा लगायतले हस्ताक्षर गर्दै नगरपालिकामा ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रको बोधार्थ जिल्ला अदालत झापासहित जिल्ला प्रशासन कार्यालय झापा र सघन शहरी भवन निर्माण आयोजनालाई समेत बुझाएका थिए । तर, ध्यानाकर्षण पत्रको वेवास्ता गर्दै सघन शहरीले मापदण्ड विपरीत सडकको स्तरोन्नति गर्ने निर्णय गरेको बताइन्छ ।

यता बिर्तामोड नगरपालिका -५ का वडाध्यक्ष रोहित प्रसाईले सघन शहरी तथा भवन निर्माण आयोजनासँग महानन्द चौकसम्म जोडिने सडक खण्ड अन्तरगत हाल महानन्द चोकबाट खानेपानीसम्म निर्माण भइसकेको र सोही बरावरको चौडाइ कायम गरी सडक निर्माण गर्न माग गरेका छन् । उनले गत पुस १ गते पत्राचार गर्दै सडक निर्माणका विषयमा निर्माणकार्य अगाडि बढाउन सघन शहरी तथा भवन निर्माण आयोजनालाई आग्रह गरेका हुन् ।

स्थानीय जनप्रतिनिधिको समेत साथ पाएका सघन शहरीका प्रमुख पौडेलले आफूहरुको आवाज नसुनेको स्थानीयको आरोप छ । कमिशनको लोभमा परेर पौडेलले बिर्तामोड जस्तो संवेदनशील क्षेत्रको सडक निर्माणमा हेल्चेक्र्याँई गरेको उनीहरुको आरोप छ ।

यसैबीच सघन शहरीका प्रमुख पौडेलले सडक बिर्तामोड नगरपालिकासँग सहकार्य गर्दै स्तरोन्नति गरिने र सबै प्रक्रिया पूरा गरेर सडकको स्तरोन्नति गर्न लागिएको बताएका छन् ।

उनले सडक निर्माणका लागि सहजीकरण नगरपालिकाले गरेकोले मापदण्डको विषय नगरपालिकालाई सोध्न आग्रह गरे । हामीले सडक बनाउने हो -उनले भने - हामीलाई कस्तो मापदण्ड बिर्तामोड नगरको छ त्यो थाह छैन । दुई चरणमा निर्माण गरिने यही आर्थिक वर्षभित्र हामी निर्माण सम्पन्न गर्छौं- उनले भने ।

यो सडक आर्थिक वर्ष २०८०/०८१ को असार मसान्त भित्र सक्नु पर्ने बाध्यता छ । तर, समयमा सडक निर्माण गर्ने आधार तयार नभएको बताइन्छ । झारो टार्न हतारिँदै सडक निर्माण गरिए निर्माण कार्य नै अवरोध गर्ने स्थानीयले तयारी गरेका छन् । उनीहरुले बिर्तामोड नगरले जारी गरेको मापदण्ड भन्दा तल (४० फुट) सडकको स्तरोन्नति गरिए अवरोध गर्ने चेतावनी समेत दिएका छन् ।

## पानी ...

मण्डप समेत निर्माण गरिएको थियो । विधिसंगत पाठपारायण गर्दै भ्यागुताको बिहे सम्पन्न गरिएको हो ।

अर्जुनधारा-२ का वडा अध्यक्ष नरेन्द्र कुमार श्रेष्ठले पहिले-पहिले बर्षेनी भ्यागुताको बिहे गर्ने प्रचलनलाई युवाहरुले यो बर्ष आयोजना गरेको बताए । उनले अग्रजहरुले अपनाएको संस्कारलाई जगेर्ना गर्ने कुरा सकारात्मक भएको पनि बताए । कतिपय कुराहरु सत्य भएकाले नै पछिल्लो पुस्ताले पनि त्यसको अनुशरण गरेको श्रेष्ठको भनाइ छ ।

हिउँदको समयमा कम बर्षा हुने, विभिन्न रोग तथा हैजाहरुको संक्रमण देखिने गरेकाले पनि पुर्खाहरुले त्यस्ता कुराहरुबाट छुटकारा पाउन संसारी पूजा र भ्यागुताको विवाह गर्ने गरेको उनले बताए । वडाध्यक्ष श्रेष्ठले पानी पर्न नसक्दा पानीको मुहान सुकेर कृषकहरुलाई ठूलो समस्या भएको बताए ।

बाजागाजा र नाचगानसहित भव्य रुपमा सम्पन्न भएको भ्यागुताको विवाह कार्यक्रममा सहभागीहरुलाई खोलामा नै विवाह भोज खुवाइएको थियो । भ्यागुता करायो भने भगवान इन्द्रकहाँ पानी पार्ने सन्देश पुग्छ र त्यसैको फलस्वरूप आकाशबाट वर्षा हुन्छ भन्ने हिन्दू धर्मावलम्बीहरूको मान्यता छ । सोही मान्यताका साथ विशेष गरी तराई क्षेत्रमा भ्यागुताको विवाह गराइदिने चलन छ । बिहे गराएपछि भ्यागुताको जनसंख्या वृद्धि हुने मान्यता समेत रहेको छ । भ्यागुता प्राय: अर्को साथी भयो भने मात्र कराउँछ । भ्यागुताको बिहे भएपछि उनीहरू सँगै बस्ने र सँगै कराउँदै हिँड्ने मान्यता छ । त्यो संगीत जस्तो ध्वनि स्वर्गका राजा इन्द्रसम्म पुगेपछि पानी पर्छ भन्ने मान्यताका साथ तिनीहरूको विवाह गरिएको हुनुपर्ने अग्रजहरुको बुझाइ छ ।






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## आगोसँग खेलाचीँ नगरौं

**गर्मीयामको शुरुवातसँगै आगलागी तथा डढेलोको प्रकोप बढ्ने सम्भावना बढेर गएको छ । गत वर्षहरुमा यही समयमा नै देशका विभिन्न भागमा आगलागीका कारण कैयौं धनजनको क्षति व्यहोर्नु परेको थियो । डढेलोको प्रकोप चैत तथा बैशाख महिनामा झन् बढेर जाने सम्भावना देखिन्छ । विगतका वर्षहरु भन्दा यस वर्ष अधिकांश वन तथा जंगलहरुमा आगलागीका घटना भइरहेका छन् । सरकारले विगतमा भएका विपद्बाट पाठ सिक्न नसक्दा यसबाट वर्षेनि ठूलो क्षति व्यहोर्नुपर्ने देखिन्छ ।**

**प्राकृतिक तथा दैवी प्रकोप कसैको नियन्त्रणमा हुँदैन । तर, हाम्रो लापरवाहीले आगलागी र डढेलो जस्ता घटनाहरुमा बढोत्तरी भई राखेको छ । देशभर वन डढेलोको अवस्था विकराल बन्दै गइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ५३ जिल्लाका चार सय ३६ स्थानमा वन डढेलो लागिरहेको छ । प्राधिकरणका डढेलोविद् सुन्दर शर्माले लामो समयसम्म पानी नपर्ने र हावा चलेका कारण डढेलो फैलिरहेको बताए । उनका अनुसार चैत र बैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटनाहरु हुने गर्छन् । पूर्वमा पनि आगलागीका घटना बढिरहेका छन् ।**

**झापासहित देशका विभिन्न स्थानमा आगलागीबाट जनधनको क्षति भइरहेका समाचारहरु दैनिकजसो आइरहेका छन् । कसैले ननिभाइकन फालेको चुरोटको ठुटो, वनमा केही पोल्न तथा कुनै पनि वस्तु ढडाउन फुकेको आगोबाट हावाहुरीका कारण अन्जानबस डढेलो लाग्छ भने कतिपय ठाउँमा वर्षायाममा घाँस राम्रोसँग पलाउने, बाटो हिंड्दा डरलाग्दो झाडी देखिए कै कारण तथा दाउराको अभाव पूर्ति गर्नका लागि पनि गाउँघरतिर वन जंगलमा जानाजान डढेलो लगाउनेक्रम बढ्दो छ । वन जंगलमा लाग्ने यस्ता डढेलोले वातावरणमा समेत प्रतिकूल असर पार्ने गर्छ । तीव्ररुपमा भइराखेको जलवायु परिवर्तनमा आगलागीले मद्दत पुऱ्याउँछ, जुन राम्रो कुरा होइन । जलवायु परिवर्तनलाई बढावा दिनु भनेको हाम्रा सन्तती र हाम्रो भविष्यमा नकारात्मक असर पुऱ्याउनु हो । त्यसैले गर्मीयाम सँगै आगलागीको जोखिमप्रति सावधानी अपनाउन जरुरी छ ।**

**सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने सम्भावना भएको र हाम्रो सानो लापरवाहीले डढेलोले ठूलो रुप लिन सक्ने भन्दै सरकारले सजग गराउने काम गरिरहेको छ । तर, यसलाई तीनै तहका सरकारले गम्भीररुपमा लिएको पाइँदैन । कुनै पनि विपद्पछि राहत लिएर जानुभन्दा त्यस्ता घटना हुनै नदिन सचेत र सजग बन्न जरुरी छ । त्यसैले ठूलो जनधनको क्षतिबाट बच्नका लागि सावधानी अपनाऔं । सरकारले कसरी सुरक्षित तरिकाले आगलागी नियन्त्रण गर्ने भन्ने विषयमा क्षमता अभिवृद्धि गर्न जरुरी छ । आगोसँग खेलाचीँ नगरौं । कहींकतै आगो बाल्नुभएको छ भने पूर्णरुपमा निभाऔं, बालबालिकालाई बारुदजन्य पदार्थ तथा आगोबाट टाढा राखौं, वन र वातावरण जोगाऔं आगलागीबाट बचौं र बचाऔं ।**

# नेपालमा साइबर अपराध सम्बन्धी कानून र अभ्यास



**बाबुराम अर्याल**

आजको डिजिटल युगमा डिजिटल माध्यमको प्रयोगसँगै साइबर अपराध समेतको बढ्दो परिदृश्यले एक संवेदनशील वातावरण सिर्जना गरेको छ। विद्युतीय उपकरणहरु, नेटवर्कहरू र प्रणालीहरूको अन्तरसम्बन्धले साइबर अपराधीहरूलाई गैरकानूनी गतिविधिहरू गर्ने ठूलो अवसरहरू सिर्जना गरेको छ। आज जुनकुनै पनि क्षेत्र सूचना प्रविधिको अधिनमा पुगेको छ। आधुनिक सञ्चार, सेवा तथा व्यवसाय र डाटा भण्डारणका लागि डिजिटल प्लेटफर्महरूमा बढ्दो निर्भरतासँगै समाजका विभिन्न क्षेत्रहरूमा भएको द्रूत डिजिटलीकरणले व्यक्ति, व्यवसाय र समाजमा साइबर खतराहरूको सम्भावित प्रभावलाई बढाएको छ।

**नेपालमा कम्प्युटरको शुरुवात**

नेपालले सन् १९७१ मा कम्प्युटर पहिलोपटक प्रवेश गरेको थियो। यद्यपि, यति प्रारम्भिक शुरुवात भए पनि विस्तारै विकास भएको हुँदा सूचना प्रविधिको अवसर र सम्भावनालाई समात्न सकिएन। नेपालमा सूचना प्रविधि क्षेत्रमा वास्तविक प्रगति ९० को दशकको मध्यपछि ठूलो संख्यामा उद्यमहरू स्वचालनमा गएपछि मात्र भएको मान्न सकिन्छ। नेपाल 'इन्टरनेट क्रान्ति'मा अपेक्षाकृत ढिलो सामेल भयो। यो सन् १९९४ को आसपास थियो, जब नेपालले प्रविधिको पहिलो झलक पाएको थियो। पछिल्लो समय केही सरकारी संस्थानहरूले पनि आफ्ना सेवाहरूलाई कम्प्युटकृत गर्नका लागि पर्याप्त प्रयासहरू गरेका छन्।

दूरसञ्चारको कम्प्युटरीकरण, विद्युत प्राधिकरण, सञ्चय कोष र कर विभाग आदि केही उल्लेखनीय उदाहरण हुन्। प्रविधिको विकास र दैनिक जीवनमा थप एकीकृत हुँदै जाँदा साइबर अपराधको दायरा र जटिलता पनि बढ्दै गइरहेको छ। यस्तो जोखिमको न्यूनीकरण गर्दै देखिएका साइबर अपराधको प्रवृत्तिको संवेदनशीलतालाई सम्बोधन गर्नका लागि प्रभावकारी रूपमा जोखिम न्यूनीकरण गर्न र 'डिजिटल इकोसिस्टम'को सुरक्षा गर्न प्राविधिक विकास, साइबरसुरक्षा शिक्षा, कानुनी ढाँचा र अन्तर्राष्ट्रिय सहयोगलाई समेट्ने व्यापक दृष्टिकोण आवश्यक छ।

**साइबर अपराध : प्रकृति तथा प्रवृत्ति**

साइबर अपराध भन्नाले सामान्यतः डिजिटल डिभाइस, नेटवर्क वा इन्टरनेट प्रयोग गरेर गरिने गैरकानूनी गतिविधि वा आपराधिक कार्यलाई जनाउँछ। साइबर अपराधको परिभाषा सामान्यतः कानूनले परिभाषित गरेको पाइँदैन तर पनि यसलाई परिभाषित गर्नुपर्दा साइबर अपराध भन्नाले पीडितको इच्छा विपरीत कुनै पनि भौतिक शक्ति प्रयोग नगरी साइबर स्पेशमा कम्प्युटरको दुरुप्रयोग गरी कुनै पनि सूचना सिर्जना गर्ने, वितरण गर्ने, परिवर्तन गर्ने, चोरी गर्ने, दुरुपयोग गर्ने कार्य साइबर अपराध हो। यी अपराधहरू प्रकृतिमा व्यापक र भिन्न हुन सक्छन्। साइबर अपराध व्यक्ति, संस्था वा सरकार लक्षित पनि हुन सक्छन्।

साइबर अपराधका केही सामान्य प्रकारहरूमा ह्याकिङ, फिसिङ, पहिचान चोरी, अनलाइन जालसाजी, साइबरबुलिङ, मालवेयर वा भाइरसहरू फैलाउने, र कम्प्युटर प्रणाली वा नेटवर्कहरूमा अनाधिकृत पहुँच समावेश छ। साइबर अपराधीहरूले प्रायः आफ्नो गैरकानूनी गतिविधिहरू सञ्चालन गर्न, प्रविधि र मानव व्यवहारमा कमजोरीहरूको शोषण गर्न परिष्कृत प्रविधिहरू र उपकरणहरू प्रयोग गर्छन्। साइबर अपराधको पछाडिको उत्प्रेरणाहरू आर्थिक लाभ र संवेदनशील जानकारीको चोरीदेखि लिएर व्यक्ति वा संस्थाहरूलाई अवरोध, क्षति वा हानि पुऱ्याउन हुन सक्छन्।

डिजिटल प्रविधि र कनेक्टिभिटीको द्रूत विस्तारसँगै धेरै देशहरूमा जस्तै नेपालमा पनि साइबर अपराध बढ्दो प्रचलित र जटिल मुद्दा बनेको छ। पछिल्ला वर्षहरूमा साइबर अपराधमा उल्लेख्य वृद्धि भएको छ। यी अपराधहरूले डिजिटल प्लेटफर्महरू मार्फत सञ्चालन गरिएका अवैध गतिविधिहरू जस्तो कि, ह्याकिङ, पहिचान चोरी, अनलाइन जालसाजी, फिसिङ घोटाला, साइबर बुलिङ, र दुराशय युक्त सामग्रीको प्रसार लगायतमा सीमित छैन, यो गम्भीर प्रकृतिका डेनियल अफ सर्भिस अट्याक जस्ता साइबर अपराध समेत देखिएका छन्।

**साइबर अपराध सम्बन्धी प्रचलित कानून**

नेपालमा साइबर अपराधसम्बन्धी कानूनी ढाँचा मुख्यतया विद्युतीय कारोबार (इलेक्ट्रोनिक) ऐन, २०६३ हो। यसको परिच्छेद-९ मा केही कसुर तथा सजायको व्यवस्था गरिएको छ। यस ऐनमा व्यवस्था भएको कसुर र सजाय यस प्रकार रहेको छ। कम्प्युटर स्रोत सङ्केतको सुरक्षाः ऐनको दफा ४४ मा स्रोत सङ्केतको संरक्षण सम्बन्धी व्यवस्था छ। यस दफा अनुसार प्रचलित कानूनले कम्प्युटर स्रोतको सङ्केत (सोर्स कोड)लाई यथावत् राख्ने गरी तत्काल व्यवस्था गरेको अवस्थामा कुनै व्यक्तिले कुनै कम्प्युटर, कम्प्युटर कार्यक्रम, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कका लागि प्रयोग हुने कम्प्युटर स्रोतको सङ्केतलाई जानी-जानी वा बदनियत राखी चोरी गरेमा, नष्ट गरेमा, परिवर्तन गरेमा वा त्यस्तो काम गर्न लगाएमा निजलाई तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ।

**कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच :** ऐनको दफा ४४ ले कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसूरको गम्भीरता हेरी दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ।



यो सामान्य बोलीचालीमा बुझिने ह्याकिङ सम्बन्धी व्यवस्था हो।

कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानी-नोक्सानी पुऱ्याउने मनसाय राखी जानी-जानी कम्प्युटरमा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुर्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई हस गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

विद्युतीय कारोबार ऐन, २०६३ को सबैभन्दा बढी प्रयोगमा आएको व्यवस्था दफा ४७ हो। खासगरी, सामाजिक सञ्जालमा अर्कोलाई हानि हुने गरी सामग्री प्रकाशन तथा प्रसारण गरेमा यस दफा आकर्षित हुने गरेको हो। यस दफा ४७ को उपदफा (१)मा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चारमाध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचारबिरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ। यो दफाको प्रयोग विवादास्पद हुँदै आएको छ। खासगरी, डिजिटल स्पेशमा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्नुपर्दा यस दफालाई सहजरुपमा प्रयोग गरेको देखिन्छ।

विद्युतीय कारोबार ऐन, २०६३ वा यस ऐन अन्तगर्त बनेका नियमहरु वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु अन्तर्गत प्रदान गरिएको कुनै अधिकार बमोजिम कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा अन्य सामग्रीहरुमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनाधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा कसूर मानेको छ।

यस ऐनले कुनै व्यक्तिले कुनै जालसाजी गर्ने वा अन्य कुनै गैरकानूनी कार्य गर्ने उद्देश्यले कुनै बिलको भुक्तानी रकम, कसैको खाताको बाँकी मौज्दात ( ब्यालेन्स), कुनै आपूर्ति र भण्डार (इन्भेण्टरी) वा जुनसुकै बखत भुक्तानी दिने कार्ड (एटीएम कार्ड)मा मिलोमतो गरी वा अन्य कुनै तरिकाले जालसाजी गरी लाभ उठाएमा त्यसरी उठाएको आर्थिक लाभको बिगो कायम गरी सम्बन्धित पक्षलाई कसुर गर्नेबाट भराई त्यस्ता कसुरदारलाई एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ। यस बाहेक बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ ले पनि क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुने व्यवस्था गरेको छ।

विद्युतीय कारोबार (इलेक्ट्रोनिक) ऐन, २०६३ बाहेक अन्य केही ऐनमा पनि साइबर सम्बद्ध कसुरहरुलाई सम्बोधन गर्न खोजिएको पाइन्छ। यसमध्ये मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ अर्को प्रमुख कानून हो। यस ऐन मा देहाय बमोजिमको कसुर र सजायको व्यवस्था गरिएको छ। मुलुकी फौजदारी ( संहिता) ऐन, २०७४ को दफा २९८ ले कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जनकारी, पत्राचार अनधिकृतरुपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन नहुने र यस्तो गरेमा दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

विद्युतीय कारोबार ऐन, २०६३ को अलावा मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा १२१ ले पनि अश्लील सामग्री उत्पादन, नियन्त्रण तथा प्रकाशन सम्बन्धी व्यवस्था गरेको छ। शारीरिक कामात्तेजना बढाउने वा कामवासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, प्रचार, रेखाचित्र, चलचित्र, तस्वीर, रेकर्ड वा अरु कुनै वस्तु विद्युतीय सञ्चारमाध्यमबाट प्रचार प्रसार गर्न हुँदैन। कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था अपराध संहिताको दफा ३०७ ले गरेको छ।

यस दफाले विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ र मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा ३०७ को प्रयोगमा कहिलेकाहीँ विरोधाभाष पाइन्छ। खासगरी मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा ३०७ व्यक्तिवादी फौजदारी भएकाले उजुरीकर्ता विद्युतीय कारोबार ऐन, २०६३ को सरकारवादी फौजदारी व्यवस्थामा जान चाहने हुँदा कार्यान्वयनमा स्वेच्छाचारी अवस्था सिर्जना भएको पाइन्छ।

**साइबर अपराधको उजुरी तथा अनुसन्धान प्रक्रिया**

विद्युतीय कारोबार सम्बन्धी कसुर ठहर्ने मुद्दा नेपाल सरकारवादी भई चल्नेछ र त्यस्तो मुद्दा अपराध ( कार्यविधि) संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने छ। तर, मुलुकी फौजदारी ( संहिता) ऐन, २०७४को दफा ३०७ को व्यवस्था भने व्यक्तिवादी फौजदारी भएकाले फिराद लिएर सम्बन्धित जिल्ला अदालत जानुपर्छ। अपराध (कार्यविधि) संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा स्थानीय प्रहरी समक्ष जाहेरी दरखास्त दिनुपर्छ। विद्युतीय कारोबार ऐन, २०६३ ले विद्युतीय कारोबार सम्बन्धी कसुर हेर्नका लागि सूचना प्रविधि न्यायाधिकरण र सूचना प्रविधि पुनरावेदन न्यायाधिकरण गरी दुई तहको न्यायाधिकरणको परिकल्पना गरेको छ।

तर, सूचना प्रविधि न्यायाधिकरण गठन नभएको अवस्थामा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर कुनै जिल्ला अदालतलाई मुद्दा किनारा गर्ने क्षेत्राधिकार तोक्न सक्ने व्यवस्था ऐनले गरेको छ। हालसम्म कुनै पनि तहको न्यायाधिकरणको स्थापना भएको छैन। ऐनको सङ्क्रमणकालीन व्यवस्थालाई प्रयोग गर्दै नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर काठमाडौं जिल्ला अदालतलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार तोकेको थियो। तर २०८० असार ११ गते नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सबै जिल्ला अदालतलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतका कसुर सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार तोकेको छ।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कसुर हुने कुनै काम नेपाल राज्य बाहिर रहेर गरेको भए तापनि त्यस्तो कसुर गरिएको कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्क प्रणाली नेपालमा अवस्थित भएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा चलाई सजाय गर्न सकिने व्यवस्था छ। खासगरी, नेपाल बाहिर गई बसेका आप्रवासी नेपालीहरु यस्तो कसुरमा फसेको पाइन्छ। यसको अलावा, नेपालको बैंकिङ प्रणालीमा आक्रमण भएको मुद्दाहरुमा पनि यो कानुनी व्यवस्था अन्तर्गत मुद्दा चलाइएका छन्। विद्युतीय कारोबारसँग सम्बन्धित कसुर ठहर्ने कुनै कुरा भएकोमा त्यस्तो उल्लङ्घन वा कसुर भए गरेको थाहा पाएको मितिले पैंतीस दिनभित्र उजुर गर्नुपर्छ। यो कानूनको निकै संवेदनशील पक्ष हो किनकि प्रविधिको जटिलताको कारण अनुसन्धान निकै गाह्रो छ।

**बदलिादो साइबर वातावरण र अपुग कानून**

साइबर स्पेश थप जटील र चुनौतिपूर्ण हुँदै गएको छ। खासगरी सूचना प्रविधि माथिको सहज पहुँचले प्रयोगकर्तालाई दुरुपयोगमा उक्साउने गरेको छ। सूचना प्रविधिको सूचना प्रविधिको क्रस बोर्डर चरित्रले पनि साइबर अपराधमा अनुसन्धान जटिल भएको छ। अनलाइन बाल सुरक्षा, साइबर बुलिङ, संवेदनशील पूर्वाधार सुरक्षा जस्ता विषयमा वर्तमान कानुन अपुग छ। आर्टिफिसियल इन्टिलिजेन्सको दबदबासँगै कानूनी व्यवस्थामा नै नयाँ चुनौति थपिएको छ। यी विषयहरुलाई सम्बोधन गर्न नयाँ कानूनको आवश्यकता टड्कारो भएको छ।

साइबर अपराधको बढ्दो खतरालाई न्यूनीकरण गर्न बहुआयामिक दृष्टिकोणको आवश्यकता छ। नेपालमा साइबर अपराधबिरुद्ध लड्नका लागि प्रमुख चुनौतिहरू मध्ये एक जनचेतना र डिजिटल साक्षरताको कमी हो। धेरै व्यक्ति र संस्थाहरूलाई साइबर सुरक्षा उत्तम अभ्यासहरूको बारेमा पर्याप्त जानकारी छैन, जसले तिनीहरूलाई साइबर खतराहरूको लागि बढी संवेदनशील बनाउँछ। सम्बन्धित सुरक्षा उपायहरू बिना नै डिजिटल प्रविधिहरूको प्रयोगले जोखिमहरू सिर्जना गरेको छ। साइबर सुरक्षा शिक्षा र चेतना अभिवृद्धि, अद्यावधिक कानूनसहितको कानूनी ढाँचालाई सुदृढ गर्ने, सीमापार साइबर अपराध अनुसन्धानका लागि अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन, साइबर सुरक्षा पूर्वाधार र क्षमतामा लगानी र जनचेतना साइबर अपराध नियन्त्रण गर्न महत्त्वपूर्ण कदम हुन सक्छन्।

*(अर्याल अधिवक्ता हुन् ।)*

# गाँजर : यसका फाइदा



गाँजरमा उच्चमात्रामा बेटा क्यारोटिन पाइन्छ। यसका साथै भिटामिन ए, मिनरल्स र एन्टिअक्सिडेन्ट पनि पाइन्छ। यो आँखा, छाला, पाचन प्रणाली र दाँतका लागि लाभदायी हुन्छ। यसमा अत्यन्त न्यून मात्रामा क्यालोरी पाइन्छ भने चिल्लो पदार्थ शून्य हुन्छ।

गाँजर खानु आँखाको स्वास्थ्यका लागि लाभदायी हुन्छ। यसमा भएको बेटा क्यारोटिन कलेजोमा भिटामिन ए मा परिवर्तन हुन्छ। यसले राती आँखा देख्न सक्ने क्षमतामा वृद्धि गर्नुका साथै ग्लुकोमा, म्याकुलर डिजेनेरेशन र सेनाइल क्याटार्याक्ट जस्ता आँखाको समस्याबिरुद्ध लड्न मद्दत पुऱ्याउँछ। यसले रतन्धो हुनबाट समेत बचाउँछ। एक अनुसन्धानले बेटा क्यारोटिनको उपभोगले म्याकुलर डिजेनेरेशन हुनबाट ४० प्रतिशतले बचाउँछ।

गाँजरमा विभिन्न प्रकारका एन्टिअक्सिडेन्ट र पोलासिटाइलनेस भन्ने तत्व पाइन्छन्, जसले मुटुको कवचको काम गर्छ। अध्ययनहरुबाट गाँजरमा भएका यस्ता तत्व खानाले मुटुरोग लाग्ने खतरा कम हुने देखाएका छन्। उच्च मात्रामा बेटा क्यारोटिनका अतिरिक्त गाँजरमा अल्फाक्यारोटिन र ल्युटन पाइन्छन्। यसले खराब कोलस्टेरोललाई पनि हटाउँछ। यहीकारण हृदयाघात हुने सम्भावना पनि रहँदैन।

गाँजरमा फोक्सो, स्तन तथा कोलोन क्यान्सर लाग्नबाट बचाउने तत्व पाइन्छ। गाँजरमा भएको पोलि-अक्टिलाइन एन्टिअक्सिडेन्ट र फाल्कारिनोल भन्ने तत्वका कारण यस्तो भएको हो। यी तत्वले क्यान्सर लगाउने कोषलाई नष्ट पार्छ। गाँजरमा भएका विभिन्नखालका पोषकतत्व र भिटामिन सी सहितको एन्टिअक्सिडेन्टले रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्छ। गाँजरको नियमित सेवनले शरीरमा कवचको जस्तै काम गर्छ।

गाँजरमा पाइने भिटामिन एले कलेजोलाई शरीरबाट विषाक्त पदार्थ निकाल्न मद्दत गर्छ। यसले कलेजोमा भएको चिल्लो पदार्थ र पित्तलाई घटाउनुका साथै शरीरलाई नचाहिने तत्व हटाइ शुद्ध राख्न सहयोग गर्छ। गाँजरमा हुने क्याल्सियमले महिला तथा बालबालिकाको हड्डीको विकासमा सहयोग गर्छ।

# एमालेले कमल गाउँ अधिवेशनमा पुराना सदस्यलाई सम्मान गर्ने

**कमल, बैशाख २२।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) कमलको दोस्रो कमल गाउँ अधिवेशनमा पार्टीका पुराना सदस्यलाई सम्मान गर्ने जनाइएको छ ।

अधिवेशनका लागि तयार पारिएको लोगो सार्वजनिक गरिएको छ । आगामी बैशाख २८ र २९ गते हुने दोस्रो गाउँ अधिवेशनको लोगो पत्रकार सम्मेलनको आयोजना पार्टीका केन्द्रीय कमिटी सदस्य रोमनाथ ओली र मेनुका काफ्ले ले संयुक्तरुपमा सार्वजनिक गरेका हुन् ।

लोगो सार्वजनिक पछि बोल्दै केन्द्रिय कमिटी सदस्य रोमनाथ ओलीले एमाले पार्टीभित्रका केही आन्तरिक असन्तुष्टि र अन्तरविरोधलाई शुद्धीकरण गर्न आवश्यक छ । त्यसैले २०८१ साललाई पार्टीले संगठन सुदृढीकरण शुद्धीकरण गर्ने केन्द्रिय कार्यक्रम अनुसार केन्द्रदेखि टोल सम्म सञ्चालन हुने केन्द्रिय कमिटी सदस्य ओलीले बताए ।

पार्टीका पोलिटब्युरो सदस्य एवम् झापा इन्चार्ज विशाल भट्टराईको प्रमुख आतिथ्यमा अधिवेशनको हुने आयोजित पत्रकार सम्मेलनमा जनाइएको छ । अधिवेशन सम्पन्न गर्नका लागि विभिन्न छ वटा उपसमिति गठन गरी तीव्ररुपमा काम अगाडि बढाइएको गाउँ कमिटीले जनाएको छ । जसमा प्रचार-प्रसार उपसमितिको संयोजकमा वीरेन्द्र अधिकारी, कार्यालय व्यवस्थापन संयोजकमा छविलाल गुरागाईं,



प्रतिनिधि व्यवस्थापन संयोजकमा भीमप्रकाश चापागाईं, स्वयम्सेवक परिचालन समितिको संयोजकमा तेजकुमार राई, हल व्यवस्थापन संयोजकमा डम्बर निरौला, खाजा व्यवस्थापन समिति संयोजकमा छत्रहाङ्ग फागो रहेको पार्टी गाउँ कमिटीले जनाएको छ ।

पार्टीले अधिवेशनको अवसरमा मरणोपरान्त सम्मान अन्तर्गत स्वर्गीय रुद्रप्रसाद चापागाईं, आश्रयदाता छायाँदेवी चापागाईं, सबैभन्दा ज्येष्ठ नवीकृत पार्टी सदस्यमा हरिमाया दाहाल, सबैभन्दा पहिला पार्टी सदस्यता प्राप्त गरी निरन्तर पार्टी काममा लाग्ने नानीराम पौडेललाई सम्मान गरिने पार्टीका कार्यवाहक अध्यक्ष हरिप्रसाद ढकालले जानकारी दिए ।

पार्टीले गाउँ अधिवेशनको सन्देश दिनका लागि बैशाख २२ गते सात वटै वडाका मुख्य-मुख्य पाँच वटा चौकमा पार्टीको र सूर्य लागो अंकित झण्डा झण्डोत्तोलन गरिएको कार्यवाहक सचिव विरेन्द्र अधिकारीले जानकारी दिए ।

कार्यक्रममा नेकपा एमालेका प्रदेश कमिटी सदस्य बलराम गजुरेल, जिल्ला कमिटी सदस्य चक्रबहादुर गुरुङ्ग, भीमप्रसाद राई, नारायणप्रसाद गौतम, पृथ्वीपति राई, नर्वदा गौतम, सीता निरौला, प्रेम पोखेल, दिपक खड्का लगायतको उपस्थिति रहेको थियो ।

कमल गाउँपालिकामा एक हजार तीन सय नवीकृत सदस्य मध्येबाट दोस्रो अधिवेशनका लागि तीन सय जना प्रतिनिधि छनौट भएको गाउँ कमिटीले जनाएको छ ।

# सैनिक बजारमा नौमती बाजा तालिम



**बिर्तामोड, बैशाख २२।** बिर्तामोड नगरपालिका-१० स्थित सैनिक बजारमा सात दिवसीय नौमती बाजा तालिम शुरु भएको छ ।

सैनिक बजार महिला नौमती बाजा संस्थाको आयोजना तथा बिर्तामोड-१० वडा कार्यालयको सहयोगमा आयोजित महिला नौमती बाजा तालिमको उदघाटन वडाध्यक्ष दूर्योधन गुरुङले गरेका थिए ।

सैनिक बजार महिला नौमती बाजा संस्थाका अध्यक्ष खिलेश्वरी पाण्डेको अध्यक्षता तथा वडाध्यक्ष गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष देवकुमारी लिम्बूले स्वागत गरेकी थिइन् ।

संस्थाकी अध्यक्ष पाण्डेले लोप हुँदै गएको परम्परागत लोकबाजा नौमती बाजाको संरक्षण गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको जानकारी दिइन् । प्रमुख अतिथि वडाध्यक्ष गुरुङले नौमती बाजा वाद्यवादन कला क्षमता अभिवृद्धिका लागि तालिमको निरन्तरता दिइएको बताउँदै तालिमको अधिकतम् सदूपयोग गरेर उत्कृष्टरुपमा सीप, प्रतिभा प्रदर्शन गर्न सहभागीलाई आग्रह गरे ।

गत वर्षदेखि स्थानीय महिलाद्वारा सञ्चालित सैनिक बजार नौमती बाजा संस्था हालै दर्ता भएको हो । स्थानीय १५ जना महिलाको सहभागिता रहेको तालिममा विनोद दर्जीले प्रशिक्षण प्रदान गरिरहेका छन् । आगामी बैशाख २८ गते तालिम सपापन हुनेछ ।

संस्थाका सल्लाहकार समिति संयोजक मनु मुखिया लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा सल्लाहकार सदस्य मेनुका शिवाकोटी, सञ्चारकर्मी रत्नबहादुर बस्नेत लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव संगीता भण्डारीले गरेकी थिइन् ।


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२, ९८०१३६४०९३**

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
**अर्जुनधारा नगरपालिका- ४, झापा**

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला । झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



| बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ | दमक सम्पर्क: देवी सिटौला |
|---|---|
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट : | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति: २०८०/०१/२३*

यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/१२/३० मा स्वीकृती प्राप्त भई साविक कम्पनी कष्णसागर विद्यापिठ झापा प्रा.लि. (प्रा.लि. नं. ११८९८४)को नाम रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण, धनी, कर, दायित्व आदि परिवर्तित नामको कृष्णसागर इङ्गलिश स्कूल (प्रा.(लि) अंगेजीमा Krishnasagar English School (Pvt. Ldt)ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


# दमकमा साइबर क्राइम सम्बन्धी सचेतना



**दमक, बैशाख २२।** दमक-५ मा इन्टरनेटजन्य सामग्रीको प्रयोग, साइबर क्राइम सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ ।

दमक-५ को सर्वोदय बोर्डिङ स्कूलमा भएको सचेतना कार्यक्रम शनिबार सम्पन्न भएको छ । दमक वडा नं. ५ को आयोजनामा भएको कार्यक्रमको दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई (प्रसाईं)ले उद्घाटन गरेकी थिइन् । उनले बढ्दो चुनौतिमा रुपमा रहेको सामाजिक सञ्जालको सही ढंगले प्रयोग गरिए मात्रै साइबर क्राइमबाट बच्न सकिने बताइन् । इन्टरनेटजन्य सामग्री प्रयोग गर्दा सावधानी र होसियारी अपनाउन उनले सुझाव दिइन् ।

दमक-५ का वडाध्यक्ष इन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक निसान थापाले साइबर अपराध, अपराधका किसिम र त्यसबाट पर्ने क्षतिका विषयमा जानकारी दिएका थिए । त्यस्तै सामाजिक सञ्जाल प्रयोग गर्दा कसरी सावधानी अपनाउने विषयमा सचेत गराएका थिए ।

त्यसैगरी दमक नगरपालिकाका सूचना प्रविधि अधिकृत समिप चुडालले सामाजिक सञ्जाल प्रयोग गर्दा अपनाउनुपर्ने प्राविधिक विषयमा प्रशिक्षण दिएका थिए ।

अभिमुखीकरणमा मनोसामाजिक समस्या, साइबर अपराध र त्यसको कानूनी उपचारका बिषयमा दुई दिनसम्म छलफल भएको थियो । कार्यक्रममा दमक-५ का विद्यालयका विद्यार्थीहरु, शिक्षक, महिला सञ्जालका प्रतिनिधिसहित एक सय जनाभन्दा बढीको सहभागिता रहेको थियो ।








ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अधुरा कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले मन हर्षित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** तपाईको आजको दिन मध्यम रहेको छ, दिनको शुरुवातमा शुभ खबर सनिने छ, साथीभाइ भेटघाट तथा मिष्ठान्न भोजन, बेलुकी अशुभ खबरले मन निराश हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय-सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**तुला (र [redacted] रो, ता, [redacted] -**
सन्तान [redacted] द् खबर [redacted] छ, नचिताएको ठाउँमा [redacted]
यात्रा हुन [redacted] म सम्बन्ध [redacted] बनेर जानेछ ।

**बृश्चिक [redacted] नु, ने, [redacted] यि, यु) -**
धार्मिक [redacted] भागी हुने [redacted] हेको छ, [redacted]
पुर्‍याउनु [redacted] तथा ढाड [redacted] या हुन स [redacted]

**धनु (ये, [redacted] भु, ध, [redacted]) -**
आज त [redacted] अशान्त रहन सक्छ, पारिवा [redacted]
मनमा [redacted] छ, व्यर्थको यात्रा गर्नुपर्नेछ [redacted]
जानेछ । [redacted]

[redacted] **र (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
[redacted] स्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने
[redacted] रहेको छ, त्यसैले यो अवधिभर कसैसँग वादविवाद
[redacted] होला ।

[redacted] **गे, गो, सा, सि, सु [redacted]) -**
[redacted] न रहला, धन, स्वा [redacted] सुख प्राप्त
[redacted] त्रुमाथि विजय प्राप्त [redacted]

[redacted] **दु, थ, झ, ञ, दे, [redacted]**
[redacted] बढेर जानेछ, बिग्रन [redacted] नाले हौसला
[redacted] छोटो दुरीको यात्रा हु [redacted] रहला ।